वीर बहादुर रुम्बी
अध्यक्ष

# गाउँपालिकाको व्याकहोलोडर संचालन कार्यविधि, २०७४

यस सुकिदह गाउँ कार्यपालिकाको कार्यालयमा रहेको व्याकहोलोडर सञ्चालन गर्न बाञ्छनिय भएकोले यस कार्यविधि तयार गरिएको छ । यो कार्यविधि गाउँ कार्यपालिकाले अनुमोदन गरेको मिति देखि लागू हुनेछ ।

## चालक (अपरेटर) सहचालक (सहायक अपरेटर)

१. चालक र सहचालक छनौट एवं भर्ना प्रक्रियाको लागि सम्पूर्ण जिम्मा गाउँपालिकाको कर्मचारी छनौट समितिलाई दिइने ।

२. चालकको हकमा कम्तिमा २ वर्षको कार्य अनुभव र पहाडी भेगमा कम्तिमा १ वर्ष काम गरेको हुनुपर्नेछ । सह चालकको हकमा छ महिना देखि एक वर्ष सम्म व्याकहोलोडर (मसिन) मा काम गरेको हुनुपर्नेछ । चालकको हकमा ह्याभी ड्राइभिङ लाइसेन्स अनिवार्य हुनुपर्नेछ ।

## चालक र सह चालकको सेवा सुविधा

चालक र सह चालकको न्यूनतम तलव एवंभत्ता गाउँ कार्यपालिकाले तोक बमोजिम हुनेछ ।

## सञ्चालन प्रक्रिया

तपशिल बमोजिमको व्याकहोलोडर परिचालन समिति रहनेछ :

| | |
|---|---|
| १. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. गाउँ कार्यपालिकाको सदस्य | सदस्य |

सम्पर्कको लागि प्रमुख प्रशासकिय अधिकृत वा स्टोर हेर्ने व्यक्ति रहनेछ । व्याकहोलोडरले वडाको आफ्नो काम गर्नु परेमा

१. माथि उल्लेखित ३ सदस्यिय समितिको अनुगमन र सम्बन्धित वडा अध्यक्ष लगायत ४ जनाको छलफल र सहमति अनुसार प्राथमिकताको आधारमा आलो पालो गरी सम्वन्धित वडामा व्याकहोलोडर पठाइनेछ ।

२. वडामा व्याकहोलोडरले काम गर्दा विषेश समय बाहेक अन्य समयमा सम्बन्धित वडामा बजेट विनियोजित रकमबाट सहुलियत दरमा कार्यपालिकाको निर्णय अनुसार काम गरे वापत गाउँ पालिकालाई काम गरे वापत रकम बुझाउनु पर्नेछ ।

वीर बहादुर रुम्बी
अध्यक्ष

३. जुन वडामा व्याकहोलोडर पठाइन्छ त्यसै वडाको वडा अध्यक्षले अनुमानित समय अवधि तोकेर व्याकहोलोडर बुझि लिनुपर्नेछ। समय अवधि घट्ने वा बढ्ने भएमा तोकेको समय अगावै सम्बन्धित व्यक्ति वा गाउँपालिकामा जानकारी गराउनु पर्नेछ।

४. व्याकहोलोडर पठाउँदा निवेदकको आधारमा पठाइने तर व्यक्तिगत तथा उपभोक्ता समितिको काम गर्दा कम्तिमा १ (एक) हप्ता अगावै निवेदन र त्यस स्थानसम्म पुग्नको लागि आवश्यक तेल वाफतको रकम जम्मा गर्नु पर्नेछ। व्याकहोलोडर खाली बसेको हकमा लागू हुने छैन (निवेदकको हकमा) र व्याकहोलोडर हिडिसकेपछि रनिङ चार्ज शुरु हुनेछ।

५. व्याकहोलोडर प्रयोग गर्ने व्यक्ति, फर्म वा समितिले तेल र ग्रीसको जिम्मा लिनुपर्नेछ।

६. व्यक्तिगत विवादका कारण एक (१) दिन वा सो भन्दा बढी व्याकहोलोडर अडिएमा जिम्मा लिएको व्यक्तिले हर्जना तिर्नुपर्नेछ।

७. व्याकहोलोडरको काम गर्ने दर रेट गाउँ कार्यपालिकाको बैठकले तोके बमोजिम हुनेछ। यसको दररेट निजि व्याकहोलोडर भन्दा सहुलियत दर हुनेछ। दररेट निर्धारण गर्दा निम्न् तीन प्रकारसम्म हुनेछ :

क) व्यक्तिगत काम गर्दा

ख) समिति मार्फत नयाँ बाटो खन्दा

ग) पूरानो बाटो खन्दा वा मर्मत गर्दा